आज मिति २०७५।०६।०५ गतेका दिन यस बडीकेदार गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण बहादुर चन्द ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकमा तपशिल बमोजिमको उपस्थितिमा तपशिलका प्रश्ताव उपर छलफल गरी तपशिल बमोजिमका निर्णय गरियो ।

**तपशिल:**

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | कृष्ण बहादुर चन्द | अध्यक्ष | | |
| २ | ईन्द्रा बोहरा भाट | उपाध्यक्ष | | |
| ३ | डबल बहादुर बोहरा | कार्यपालिका सदस्य | | |
| ४ | राम बहादुर नाम्जाली | कार्यपालिका सदस्य | | |
| ५ | लिलाधर सापकोटा | कार्यपालिका सदस्य | | |
| ६ | बिरेन्द्र कोटकेनी | कार्यपालिका सदस्य | | |
| ७ | बुद्दीसागर बिनाडी | कार्यपालिका सदस्य | | |
| ८ | पदमा देवी नेपाली | कार्यपालिका सदस्य | | |
| ९ | टीकाराम भुल | कार्यपालिका सदस्य | | |
| १० | दिपक बहादुर नेपाली | कार्यपालिका सदस्य | | |
| ११ | भागा देवी मल्ल | कार्यपालिका सदस्य | | |
| १२ | चित्रा देवी चन्द | कार्यपालिका सदस्य | | |
| १३ | निर्मला देवी दमाई | कार्यपालिका सदस्य | | |
| १४ | दिपक पाण्डेय | सचिब | | |

**आमन्त्रित सदस्य**

| | | | | |
|---|---|---|---|---|
| १ | टोप बहादुर चन्द | आमन्त्रित सदस्य | | |

**अन्य आमन्त्रीत**

| | | | | |
|---|---|---|---|---|
| १ | दल बहादुर धामी | लेखा प्रमुख | | |
| २ | टोप बहादुर चन्द | सुचना प्रविधि अधिकृत | | |

**प्रस्तावहरु:**

१. स्थानीय दररेट सम्वन्धमा।
२. कर्मचारी व्यवस्थापन सम्वन्धमा।
३. योजना कार्यान्वयनको मोडालिटी छनौट सम्वन्धमा।
४. गाउँपालिकाको मूल प्रशासनिक भवन निर्माणका डीजाइन, इष्टिमेट एवं लागत अनुमान तथा टेण्डर सम्वन्धमा।
५. बिपद् व्यवस्थापन कोष स्थापना सम्वन्धमा।
६. गाउँपालिकामा शान्ति सुरक्षा सम्वन्धमा।
७. योजना कार्यान्वयन सम्वन्धमा।
८. खर्च विवरण सार्वजनिक सम्वन्धमा।
९. सुझाव पेटीका सम्वन्धमा।
१०. होडीङ्ग बोर्ड सम्वन्धमा।
११. कन्टीजेन्सी रकम सम्वन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं १ उपर छलफल गर्दा जिल्ला समन्वय समितिको समन्वयमा यस जिल्लाका ९ वटै स्थानीय तह संगप्रस्ताव नं ४ उपर छलफल गर्दा  को संयुक्त बैठकबाट तयार आ.ब. ०७५/०७६ को जिल्ला दररेटलाइ नै आधार मानि यस गाउँपालिकाको लागि आ.ब. ०७५/०७६ को स्थानीय दररेट कायम गरी पारित गर्ने निर्णय गरियो।
२. प्रस्ताव नं २ उपर छलफल गर्दा  यस गाउँपालिकामा एकजना पनि प्राविधिक कर्मचारी नभएको हुदा एक जना इन्जिनियर र दुइ जना सब-इन्जिनियरको लागि दरखास्त आह्वान गर्न प्रमुख प्रशासकीय अधिकृत लाइ निर्देशन दिने निर्णय गरियो।
३. प्रस्ताव नं ३ उपर छलफल गर्दा यस गाउँपालिकामा आ.ब. ०७५/०७६ का लागि स्विकृत योजना तथा कार्यक्रम हरुको कार्यान्वयनका लागि योजना कार्यान्वयनका लागि अवलम्बन गरिने मोडालिटी सम्वन्धमा छलफल गर्दा रु २० लाख सम्मका योजनाहरुको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्ने र

सो भन्दा माथिका रकमका योजनाको सम्वन्धमा अर्को कार्यपालिका बैठकबाट कार्यान्वयन मोडालिटी तय गर्ने निर्णय गरियो।

४. नं ४ उपर छलफल गर्दा यस गाउँपालिकाको मूल प्रशासनिक भवन निर्माणका लागि स्थान छनौट भइसकेको सन्दर्भमा सो स्थानमा प्रशासनिक भवन बनाउन डीजाइन, इष्टिमेट, लागत लगायत तयार गरी बिनियोजित बजेट अनुसार टेण्डर प्रकाशन गर्ने गरी आवश्यक तयारी गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन दिने निर्णय गरियो।

५. प्रस्ताव नं ५ उपर ञञ छलफल गर्दा यस गाउँपालिकाको बिपद ब्यवस्थापन तर्फ विनियोजित बजेट रु १० लाखबाट गाउँपालिकाको नाममा छुट्टै विपद व्यवस्थापन कोष खाता संचालन गर्ने निर्णय गरियो। यसका लागि प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट विपद व्यवस्थापन कोष खाता संचालन गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा यस गाउँपालिकाको केन्द्रमा सुरक्षा फौजको उपस्थिति नभएको हुदाँ सार्वजनिक सेवा प्रवाह गर्दा सुरक्षा चुनौती हुन सक्ने अवस्था रहेकाले यस गाउँपालिकाको केन्द्रमा अविलम्व नेपाल प्रहरीको पोष्ट स्थापनाका लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाइ पत्राचार गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा यस गाउँपलिकामा आ.ब. ०७५/०७६ मा संचालित हुने सबै योजनाहरु २०७५ साल चैत्र मसान्त भित्र सम्पन्न गर्ने गरी कार्ययोजना अगाडी बढाउने निर्णय गरियो।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा यस गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा गाउँपालिका र मातहत कार्यालयबाट हुने खर्चको विवरण प्रत्येक चौमासिकमा सार्वजनिक गर्ने र सार्वजनिक सुनुवाइ गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा यस गाउँपालिकाको कार्यालय र मातहतका वडा कार्यालयमा सुझाव पेटीका राख्ने निर्णय गरियो।

१०. प्रस्ताव नं १० उपर छलफल गर्दा यस गाउँपालिका भित्र पर्ने प्रसिद्ध धार्मिक धाम बडीकेदारको प्रचार प्रसार गर्न यस गाउँपालिकाको प्रवेश विन्दुका रुपमा रहेको कैलाली जिल्लाको सहजपुरमा १ वटा र वडा नं ५ अन्तरगत केदार मार्गमा २ वटा गरी जम्मा ३ थान होडिङ्ग बोर्ड राख्ने निर्णय गरियो।

११.प्रस्ताव नं ११ उपर छलफल गर्दा यस गाउँपालिकामा आ.ब. ०७५/०७६ मा संचालन हुने योजना तथा कार्यक्रममा ४ प्रतिशत कन्टीजेन्सी काट्ने निर्णय गरियो। तर रु १ लाख सम्मका योजनामा कन्टीजेन्सी नकाट्ने निर्णय गरियो।